तमानखोला गाउँपालिकाको गाउँ सभा, २०७९ को सातौं अधिवेशमा
अध्यक्ष श्री जोकलाल बुढाद्वारा प्रस्तुत भई स्वीकृत भएको
आर्थिक वर्ष २०८२/०८३ को

# वार्षिक नीति तथा कार्यक्रम

तमानखोला गाउँपालिका

## गाउँ कार्यपालिकाको कार्यालय

बोंगादोभान, बागलुङ
गण्डकी प्रदेश, नेपाल

मिति २०८२/०३/०९ गते
सोमबार

## तमानखोला गाउँपालिकाको आगामी आर्थिक वर्ष २०८२/०८३ को वार्षिक नीति तथा कार्यक्रम

**गाउँसभाका सदस्यज्यूहरु,**

सर्वप्रथम म तमानखोला गाउँपालिकाको गाउँ सभा, २०७९ को सातौं अधिवेशनमा हार्दिक स्वागत एवम् धन्यवाद व्यक्त गर्दछु ।

- संघीय लोकतान्त्रिक गणतन्त्रात्मक शासन व्यवस्थाको माध्यमबाट देश र जनताको सर्वाङ्गीण विकास गर्न नेपालको संविधान बमोजिम स्थानीय तहको दोस्रो निर्वाचन मार्फत निर्वाचित भई तमानखोला गाउँपालिकाको गाउँ सभा, २०७९ को सातौं अधिवेशनमा आर्थिक वर्ष २०८२।०८३ को वार्षिक नीति तथा कार्यक्रम यस गरिमामय गाउँसभामा प्रस्तुत गर्न पाउँदा हर्षित भएको छु ।
- यस महत्वपूर्ण अवसरमा नेपालमा संघीय लोकतान्त्रिक गणतन्त्रको स्थापना, मुलुकको समृद्धि र सुशासनका लागि भएका सबै आन्दोलनहरुमा घाइते, बेपत्ता तथा अङ्गभङ्ग हुनुभएका व्यक्ति र परिवारप्रति हार्दिक अभिनन्दन सहित उच्च सम्मानका साथै जीवन समर्पण गर्नुहुने सम्पूर्ण ज्ञात, अज्ञात सहिदहरुप्रति हार्दिक श्रद्धाञ्जली व्यक्त गर्दछु ।
- स्थानीय तहको योजना तथा बजेट तर्जुमाका विभिन्न चरणहरुमा टोलस्तरका आम नागरिक, टोल विकास संस्था, गैरसरकारी संघ संस्थाहरु, सामाजिक संघ संस्था, नागरिक समाज, बालबालिका, जेष्ठ नागरिक, महिला, अपाङ्गता भएका व्यक्ति, लक्षित समुदायका प्रतिनिधिहरु, राजनीतिक दल, निवर्तमान जनप्रतिनिधिहरु, संचारकर्मी एवम् आम गाउँपालिकवासी नागरिकवाट प्रत्यक्ष र अप्रत्यक्ष रुपमा प्राप्त सुझावहरुलाई समेत आत्मसात् गरिएको छ ।
- **"सुखि र समान, समुन्नत तमान"** भन्ने दीर्घकालीन सोच राखेको तमानखोला गाउँपालिकाको आ.व. २०८२।८३ को वार्षिक नीति तथा कार्यक्रम तयार गर्दा निम्न पक्षहरुलाई मुख्य आधारको रुपमा लिएको छु ।
    - नेपालको संविधानको अनुसूची ८ र अनुसूची ९ ले निर्दिष्ट गरेका स्थानीय तहको एकल तथा साझा अधिकारहरु, मौलिक हकहरु, राज्यका निर्देशक सिद्धान्त तथा नीतिहरु,
    - स्थानीय सरकार सञ्चालन ऐन, २०७४,
    - अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४,
    - राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोग ऐन, २०७४,
    - सार्वजनिक खरिद ऐन, २०६३ तथा नियमावली, २०६४,
    - स्थानीय तहको योजना तर्जुमा दिग्दर्शन, २०७८,

- नेपाल सरकार र गण्डकी प्रदेश सरकारले अवलम्वन गरेका आर्थिक तथा वित्तीय नीतिहरु,
- नेपाल सरकारले प्रतिवद्धता गरेका दिगो विकासका लक्ष्यहरु,
- राजश्व परामर्श समितिको प्रतिवेदन एवम् सिफारिस,
- राजनैतिक दलहरुबाट प्राप्त सुझावहरु,
- श्रोत तथा सीमा निर्धारण समितिको श्रोत तथा बजेट अनुमानहरु,
- बजेट तथा योजना तर्जुमा समितिले दिएका सिफारिसहरु,
- सोह्रौं आवधिक योजना तथा गण्डकी प्रदेश सरकारको दोस्रो आवधिक योजना,
- गाउँपालिकाको आवधिक योजनाका प्राथमिकताहरु,
- स्थानीय अवस्था तथा आवश्यकता ।

- ➢ स्थानीय तहको दोस्रो निर्वाचन भएको ३ वर्ष व्यतित भएको यस घडीमा स्थानीय सरकारप्रतिको जनअपेक्षा र जनता प्रतिको हाम्रो जिम्मेवारी अझ बढी थपिएको महसुस गरेको छु । आगामी दिनहरुमा लोकतान्त्रिक मूल्यमान्यता, संविधानवाद, मानव अधिकार, सामाजिक न्याय, विधिको शासन, सहकारिता, सह-अस्तित्व र समन्वयको सिद्धान्तलाई व्यवहारिक अवलम्बन, स्रोत साधनको अतिउत्तम परिचालन मार्फत नेपालको वर्तमान संविधानले परिलक्षित गरेको गाउँ गाउँमा सिंहदरबारको मूल मर्मलाई मूर्तरुप दिइनेछ ।
- ➢ वर्तमान विश्व सन्दर्भमा उत्कृष्ट मानिएको संघीय लोकतान्त्रिक गणतन्त्रात्मक शासन प्रणालीका लाभहरु सम्पूर्ण गाउँवासीले उपभोग गर्न पाउनुपर्ने कुरामा हामी सबै सचेत छौं । संविधान तथा कानुनले प्रदान गरेका नागरिकका मौलिक हक र अधिकारहरुको संरक्षण गर्दै कानूनद्वारा निर्देशित काम, कर्तव्य र दायित्व पुरा गर्न हामी प्रतिवद्ध रहेको  स्मरण गराउँदछु।

**गाउँसभा सदस्यज्यूहरु,**

अब म यस सम्मानित सभासमक्ष चालु आ.व. २०८१।०८२ मा हासिल भएका प्रमुख उपलब्धिहरुको संक्षिप्त विवरणलाई प्रस्तुत गर्न चाहान्छु ।

- ➢ कृषकहरुलाई कृषि पेसाप्रति उत्प्रेरित र सशक्तिकरण गर्ने उदेश्यका साथ ७ वटा कृषि समूह गठन गरी १७५ जना कृषकहरुलाई कृषि प्रणाली सम्बन्धी अभिमुखिकरण कार्यक्रम सञ्चालन गरिएको, ३२५ घरधुरीलाई १० जातका ( गोलभेडा, अकबरे खुर्सानी, धनियाँ, काक्रा लगायत) विउबिजन वितरण, ५० % अनुदानमा १० जना कृषकहरुलाई ८ वटा कम्बाइन मिल र २ वटा मिनी टिलर वितरण, कृषकलाई बेमौसमी तरकारी खेतीका लागि ७५% अनुदानमा ५५ वटा प्लाष्टिक टनेल वितरण, सुनौला हजार दिनका ३७० आमाहरुलाई पोषिलो तरकारीका बिउ वितरण, २४ वटा

विपन्न कृषक परिवारलाई कृषि सामग्री वितरण, २८९ घरधुरीबाट कृषि पशुपंक्षी तथा मत्स्य पालनको वार्षिक  तथ्यांक संकलन तथा सार्वजनिक खाली जग्गामा फलफूल रोपण कार्यक्रम मार्फत २०० स्याउका बिरुवा रोपण गरिएको छ ।

- १०० जना हल गोरु पाल्ने कृषकहरुलाई रु.५०००।— का दरले अनुदान वितरण, घुम्ति पशुपालन गर्ने २९ जना कृषकहरुलाई २९ वटा सोलार सेट तथा ५४ वटा त्रिपाल वितरण, सुनौला हजार दिनका ३७० आमाहरुलाई ४८५० कुखुराको चल्ला वितरण तथा सो सम्बन्धमा अभिमुखिकरण, ७५% अनुदानमा ३ जना कृषकहरुलाई जर्सी गाई वितरण, ३१०० जना कृषकहरुलाई पशुजन्य औषधि वितरण, ४०० जना कृषकको घरमै पुगेर पशुस्वास्थ्य सेवा दिइएको छ ।
- नियमितरुपमा  गाउँपालिकास्तरीय चौमासिक र वार्षिक समिक्षा तथा सार्वजनिक सुनुवाई कार्यक्रम सञ्चालन गरिएको, गाउँपालिकाको समग्र स्थितिबारे रेडियो कार्यक्रम सञ्चालन , गाउँपालिकाको दोस्रो आवधिक विकास योजना निर्माण, गाउँपालिकाका योजनाहरुको विस्तृत परियोजना प्रतिवेदन तयार, लैंगिक समानता तथा सामाजिक समावेशीकरण (GESI) परीक्षण जस्ता सुशासनका अवयवहरुलाई अवलम्बन गरिएको छ ।
- विद्यालय शिक्षातर्फ १२ प्राथमिक विद्यालयका प्रध्यानाध्यापकहरुलाई आधारभूत कम्प्यूटर सीप सम्बन्धी तालिम सञ्चालन, विद्यालयहरुको तथ्यांकलाई व्यवस्थित गर्न सहयोग पुर्याउने उद्देश्यले २३ विद्यालयका १/१ जना शिक्षकहरुलाई २ दिने इमिस (EMIS) सम्बन्धी तालिम सञ्चालन, ३ वटा आधारभूत विद्यालयमा स्मार्ट कक्षा सञ्चालन, गाउँपालिका स्तरीय आधारभूत तह (कक्षा ८ ) उतीर्ण परीक्षालाई व्यवस्थितरुपमा सञ्चालन गरी उत्कृष्ट विद्यार्थी तथा विद्यालयलाई पुरस्कृत गरिएको, देशका उत्कृष्ट सामुदायिक विद्यालयहरुका असल अभ्यास अवलोकन गरी अनुशरण गर्ने अभिप्रायले हाम्रो गाउँपालिकामा सञ्चालित सामुदायिक र संस्थागत विद्यालयहरुका प्र.अ.हरुलाई शैक्षिक अवलोकन भ्रमण गराइएको, तमानखोला गाउँपालिकाको जेहेन्दार छात्रवृति कोषबाट ६४ जना गरिब तथा जेहेन्दार विद्यार्थीलाई छात्रवृति प्रदान गरिएको, गाउँपालिकामा रहेका विद्यालयमा अध्ययनरत विद्यार्थी र यस क्षेत्रका युवाहरुको खेल प्रतिभा प्रष्फुटन गर्न र खेलकुद क्षेत्र प्रवर्द्धन गर्न गाउँपालिका कप र गाउँपालिका खेल (ताराखेल) प्रतियोगिता सम्पन्न गरिएको ।
- गाउँपालिकाको भौतिक पूर्वाधार निर्माणतर्फ चालु आर्थिक वर्षमा नयाँ ट्र्याक २९०० मिटर, कल्भर्ट २ वटा, नाली निर्माण १५३ मिटर, पक्की गोरेटो बाटो २८०० मिटर, कच्ची गोरेटो बाटो , १७०० मिटर, कजवे २ वटा, मन्दिर २ वटा, तटबन्धन १ वटा, फड्के पुल ५ वटा, खानेपानीका धारा ७९ वटा, लाम्मेला शोले पर्यटकीय पार्क निर्माण, कृषि संकलन केन्द्र निर्माण, जनमोति प्रा.वि. ४

कोठे भवन, बोंगादोभान-बोंगाखानी-ढोरपाटन सडक अन्तर्गत बोंगाखानीमा कल्भर्ट निर्माण गरिएको छ भने नुनथला घाट कल्भर्ट निर्माण कार्य चालु अवस्थामा रहेको छ ।

- प्रधानमन्त्री रोजगार अन्तर्गत सूचिकृत ७९९ बेरोजगारमध्ये ६९ जना बेरोजगारहरुलाई छनौट गरी ३९ जनालाई सीप विकास तालिम प्रदान गरिएको छ ।
- लैङ्गिक समानता तथा सामाजिक समावेशीकरणतर्फ दलित उद्यमशिलता विकास कार्यक्रम अन्तर्गत १५ दिने सीपमूलक तालिम सञ्चालन गरिएको साथै एकल महिलाहरुलाई जिविकोपार्जनसँग जोड्न तालिम प्रदान गरी २२ वटा मौरी घार वितरण गरिएको छ ।
- स्वास्थ्य सेवातर्फ तमानखोला गाउँपालिका भित्र ११४ जना बालबालिकालाई १५ महिनाभित्र पाउनुपर्ने सबै प्रकारका खोप प्रदान गरी पूर्ण खोप सुनिश्चितता तथा दिगोपना घोषणा गरिएको, ४६८ जना किशोरीहरुलाई पाठेघरको मुखको क्यान्सर विरुद्धको खोप सेवा प्रदान गरिएको, वडा नं.- ३,४,५ र ६ लाई पूर्ण संस्थागत सुत्केरी सुरक्षित वडा घोषणा गरिएको, तमानखोला आधारभूत अस्पताल मार्फत आकस्मिक सेवाहरु प्रदान गरिरहेको, १३९ जना गर्भवती महिलाहरुलाई निःशुल्क अल्ट्रासाउण्ड सेवा प्रदान गरिएको, २२१ जना नागरिकहरुको निःशुल्क नसर्ने रोगको परीक्षण गरिएको, ६११ जना जेष्ठ नागरिकहरुको निःशुल्क आँखा परिक्षण गरिएको मध्ये ३४ जनाको निःशुल्क मोतिविन्दुको शल्यक्रिया गरिएको छ।
- गाउँपालिकाको खानेपानी सरसफाई तथा स्वच्छता योजना तयार गरिएको छ । साथै खानेपानीको गुणस्तर परीक्षणका लागि आवश्यक सामाग्री व्यवस्था गरी नियमित रुपमा परीक्षण गर्ने व्यवस्था मिलाईएको छ ।

**सभाका सदस्यज्यूहरु,**

बागलुङ जिल्लाको उत्तर पश्चिम भागमा अवस्थित यस गाउँपालिकालाई विकास, सुशासन र समृद्ध बनाउन लिएका संकल्पहरु र प्रतिवद्धताहरु कार्यान्वयन गर्ने अहम जिम्मेवारी र दायित्व हाम्रो सामु रहेको छ । नेपालको सोह्रौं पञ्चवर्षिय योजनाको **"सुशासन, सामाजिक न्याय र समृद्धि"** को सोच, गण्डकी प्रदेश सरकारको दोस्रो आवधिक योजनाको **"समुन्नत प्रदेश, सुखी प्रदेश बासी"** को सोच र गाउँपालिकाको **"सुखी र समान, समुन्नत तमान"** को दीर्घकालीन सोच पुरा गर्न, आर्थिक समृद्धि, सामाजिक न्याय, गरिबी निवारण, रोजगारी सिर्जना, उद्यमशिलता विकास र पुनर्निमाण मार्फत स्थानीय आवश्यकताका आधारमा गाउँपालिकाको विकास, सुशासन र समुन्नतिमा जोड दिदै गाउँपालिकाले आगामी आ.व. २०८२।०८३ मा लिने क्षेत्रगत नीति तथा कार्यक्रम देहाय अनुसार प्रस्तुत गर्दछु ।

## <u>शिक्षा युवा तथा खेलकुद</u>

१. तमानखोला गाउँपालिका भित्रका सामुदायिक विद्यालयहरुको शैक्षिक, भौतिक तथा समग्र विकासका लागि **गाउँपालिका** शैक्षिक सुधार कार्यक्रमलाई निरन्तरता दिइनेछ ।

२. **"तमान गाउँबासीको इच्छा, गुणस्तरीय र सीपयुक्त शिक्षा"** भन्ने नाराकासाथ शिक्षा क्षेत्रलाई प्रतिष्पर्धी बनाई शैक्षिक गुणस्तरमा वृद्धि गर्न शैक्षिक तालिम तथा कार्यशाला सञ्चालन, विद्यालयहरुमा स्मार्ट कक्षा सञ्चालन तथा व्यवस्थापन, अतिरिक्त कक्षा सञ्चालन (कक्षा ८), विद्यालयमा इ-हाजिरी व्यवस्थापन, विद्यार्थी र विद्यालय पुरस्कृत गर्ने लगायतका नवीन व्यवस्थापकीय पक्षलाई प्राथमिकता दिइनेछ ।

३. **"विद्यार्थीको प्रतिभा पहिचान, खोजी र सम्मान"** भन्ने मूल मान्यताकासाथ गाउँपालिका स्तरीय अतिरिक्त क्रियाकलाप सञ्चलान गरिनेछ ।

४. वस्तुगत सूचकका आधारमा विद्यालयको अनुगमन, मूल्यांकन र सत्यापन गरी आवश्यकता र औचित्यका आधारमा सामुदायिक विद्यालयहरुमा शिक्षक दरबन्दी मिलान तथा कक्षा थप/घट र विद्यालय मर्जको नीति अवलम्बन गरिनेछ ।

५. माध्यमिक तहका शिक्षक तथा विद्यार्थीहरुका लागि शिक्षण सिकाईमा प्रभावकारितामा अभिवृद्धिका लागि योग तथा मनोसामाजिक परामर्श कार्यक्रम सञ्चालन गरिनेछ ।

६. विद्यालयमा कार्यरत बालविकास सहजकर्ता, गाउँपालिका शिक्षक, गाउँपालिका कम्प्यूटर शिक्षक, विद्यालय सहयोगी र लेखापालहरुलाई गाउँपालिकाले उपलब्ध गराउने तलबभत्ता र थप तलबभत्ताको कार्यक्रमलाई निरन्तरता दिइनेछ।

७. **"स्वास्थ्यका लागि खेलकुद, राष्ट्रका लागि खेलकुद"** भन्ने नाराका साथ गाउँपालिका कप सञ्चालन र तमानखोला वर्ष खेलाडी सम्मान कार्यक्रमलाई निरन्तरता दिइनेछ ।

८. उच्च शिक्षा अध्ययन गर्ने विपन्न परिवारका विद्यार्थीहरुका लागि छात्रवृत्ति सहयोग कार्यक्रमलाई निरन्तरता दिईनेछ ।

९. तमानखोला गाउँपालिकाको वडा नं. १ को पहिरा र सेन्नामा, वडा नं. ३ र ४ को हिले, र वडा नं. ५ को थास्पुरी क्षेत्रलाई प्राथमिकतामा राखी शिक्षा सम्बन्धी विशेष कार्यक्रम तय गरी कार्यान्वयन गरिनेछ ।

१०. **"उत्कृष्ट शिक्षक, उज्ज्वल भविष्य"** भन्ने मान्यतालाई आत्मसाथ गर्दै उत्कृष्ट गाउँपालिका शिक्षकलाई पुरस्कृत गरिनेछ ।

११. **“प्रविधिमैत्री शिक्षाः आजको आवश्यकता, भोलिको आधार”** भन्ने मूल नाराका साथ प्रविधीमैत्री शिक्षण सिकाई कार्यक्रम मार्फत सबै सामुदायिक विद्यालयहरुलाई आगामी आ.व. भित्र प्रविधिमैत्री शिक्षण संस्था बनाईनेछ ।

## स्वास्थ्य

**“मातृ तथा नवशिशु स्वास्थ्यका लागि पूर्ण संस्थागत सुत्केरी सुनिश्चितता, हाम्रो प्रतिवद्धता”** भन्ने नाराका साथ तमानखोला गाउँपालिकामा घरमा हुने सुत्केरीलाई शून्य गरी पूर्ण संस्थागत सुत्केरी सुनिश्चित गरिनेछ । साथै निःशुल्क मातृ तथा नवशिशु प्रेषण सेवालाई निरन्तरता दिईनेछ ।

१२. **“नसर्ने रोगको समयमै पहिचान, स्वस्थ जीवन र सम्मान”** भन्ने नाराका साथ नसर्ने रोगको पहिचान गरी समयमै उपचारका लागि प्रेषण तथा मानसिक स्वास्थ्य प्रवर्द्धनका लागि सचेतना तथा ध्यान एवम् योगका कार्यक्रम सञ्चालन गरिने छ । साथै महामारीजन्य तथा जलवायु संवेदनशील रोगहरुको एकिकृत निगरानी तथा प्रतिकार्यका लागि तयारी गरिनेछ ।

१३. स्वास्थ्य संस्थाहरुबाट प्रदान गरिने स्वास्थ्य सेवाहरुलाई गुणस्तरीय बनाउनको लागि न्यूनतम सेवा मापदण्डका आधारमा स्वास्थ्य संस्थाहरुको सुदृढीकरण तथा व्यवस्थापन गरिनेछ ।

१४. महिला स्वास्थ्य स्वयं सेविकाहरुको निःशुल्क स्वास्थ्य बीमा र सम्मानजनक विदाई गरिनेछ ।

१५. यस गाउँपालिका भित्र अध्ययन तथा अनुसन्धान कार्यमा प्रोत्साहन गर्नका लागि **"तमानखोला गाउँपालिका अध्यक्ष फेलोसिप कार्यक्रम"** लाई निरन्तरता दिइनेछ । साथै स्वास्थ्य बिषयमा अध्यापन गराउने क्याम्पस तथा विश्वबिद्यालयहरुसँग सहकार्य (MOU) गरी विद्यार्थीहरुबाट स्वास्थ्य प्रवर्द्धन गरिनेछ ।

१६. बहुक्षेत्रीय पोषण योजनको सिद्धान्तमा आधारित भई हरेक विषयगत नीतिहरुमा स्वास्थ्यलाई केन्द्रमा राखेर नीतिहरु अवलम्बन गरिनेछ ।

१७. तमानखोला गाउँपालिकाको वडा नं १ पहिरासेन्नामा र वडा नं ३ हिलेमा प्राथमिक उपचार तथा परामर्श केन्द्र स्थापना गरिनेछ ।

१८. मानसिक रोग नियन्त्रणका लागि मनोसामाजिक परामर्श सेवा सञ्चालन गरिनेछ ।

१९. बालगृहमा रहेका बालबालिकाहरुको निःशुल्क उपचारको व्यवस्था गरिनेछ ।

२०. तमानखोला गाउँपालिकाका छारे, दीर्घ तथा कडा रोगको औषधी उपचार सहायता तथा निःशुल्क स्वास्थ्य बीमालाई निरन्तरता दिईनेछ ।

२१. स्वास्थ्य सूचना प्रणालीलाई पूर्णरुपमा डिजिटाइजेसन तथा पारिवारिक स्वास्थ्य प्रोफाइलको अध्यावधिक गरिनेछ ।

## खानेपानी तथा सरसफाई

२३. गाउँपालिकाको खानेपानी सरसफाई तथा स्वच्छता योजना बमोजिम हरेक नागरिकलाई स्वच्छ र सुरक्षित खानेपानी उपलब्धताको सुनिश्चित गरिनेछ । साथै खानेपानीको नियमित जाँच, शुद्धीकरण तथा सचेतनात्मक कार्यक्रम सञ्चालन गरिनेछ ।

२४. खानेपानी आयोजनाहरुका मुहान संरक्षण तथा दिगोपनाका लागि आवश्यक व्यवस्था मिलाइनेछ । साथै गाउँपालिकाको मुख्य बजार क्षेत्र, महत्वपूर्ण धार्मिक तथा पर्यटकीय क्षेत्रहरुमा सरसफाई अभियान सञ्चालन गरिनेछ ।

२५. समुदायबाट निस्कने फोहोरमैलाको उचित ब्यवस्थापनको प्रबन्ध मिलाईनेछ ।

२६. एक घर एक धाराको कार्यक्रमलाई पूर्णता दिनको लागि आवश्यक स्थानमा खानेपानी योजना सञ्चालन गरिनेछ ।

## समावेशीकरण,गरिबी निवारण तथा कला संस्कृति

२७. लक्षित वर्ग (महिला, दलित, जनजाती, अपाङ्ग, बालबालिका, जेष्ठ नागरिक) सँग सम्बन्धीत उत्थान/सशक्तिकरण र क्षमता विकासका कार्यक्रमहरु सञ्चालन गरिनेछ । साथै दलित र जनजातिसँग सम्बन्धीत कार्यक्रमहरु विकास समितिहरु मार्फत कार्यान्वयन गरिनेछ ।

२८. ज्येष्ठ नागरिक सम्मान कार्यक्रमलाई निरन्तरता दिदै जेष्ठ नागरिकलाई सम्मानपूर्वक जीवनयापनको प्रबन्ध गरी उनीहरुको ज्ञान र अनुभव उपयोग र पुस्तान्तरणमा जोड दिईनेछ ।

२९. तमानखोला गाउँपालिकाभित्र छुवाछुत तथा सामाजिक विभेदलाई पूर्ण रुपमा अन्त्य गर्न आवश्यक कार्यक्रम सञ्चालन गरिनेछ ।

३०. बालमैत्री स्थानीय शासनयुक्त गाउँपालिका घोषणा गर्नका लागि आवश्यक कार्यक्रम कार्यान्वयन गरिनेछ।

३१. तमानखोला गाउँपालिका भित्र रहेका अनाथ तथा असहाय बालबालिकाहरुको पालनपोषण तथा माध्यामिक तह सम्मको निःशुल्क शिक्षादिक्षाको लागि तमानखोला-३, तमानमा सञ्चालित तमानखोला बालगृहलाई थप व्यवस्थित गरिनेछ ।

३२. महिला हिंसा तथा बालबिवाहको अन्त्य गर्न आवश्यक कार्यक्रम संचालन गरिनेछ । साथै हिंसा पिडित र न्यून आयस्तर भएका महिलाहरुलाई सहयोग कार्यक्रम सञ्चालन गरिनेछ ।

३३. विपन्न नागरिक औषधी उपचार सहायतालाई निरन्तरता दिइनेछ ।

३४. द्वन्द्ध पीडित परिवारका सदस्यहरुलाई गाउँपालिकाको करार सेवा, छात्रवृति र स्वास्थ्य उपचारमा विशेष प्राथमिकता साथ सहयोग गरिनेछ ।

३५. **"अन्तरजातीय विवाह- नयाँ सोच, नयाँ समाज"** भन्ने नारालाई आत्मसाथ गर्दै अन्तरतीय विवाह गरेका जोडीहरुलाई प्रोत्साहन तथा सम्मान गरिनेछ ।

## कृषि तथा पशुपालन

३६. **"कृषिमा नवप्रवर्तन नै राष्ट्रको समृद्धि"** भन्ने अभिप्रायकासाथ कृषि प्रणालीलाई आधुनिकीकरण, यान्त्रिकीकरण, विविधिकरण, व्यवसायीकरण, तथा थप परिष्कृत बनाउन कृषकहरुलाई आवश्यक तालिम सञ्चालन, कृषि औजार तथा उपकरण वितरण र उत्पादनमा आधारित अनुदान कार्यक्रमलाई निरन्तरता दिइनेछ ।

३७. आधुनिक कृषि तथा पशुपालन व्यवसायलाई प्रवर्द्धनमा टेवा पुर्याउन कृषि समूह तथा सहकारीको प्रभावकारी परिचालनका लागि व्यवस्था गरिनेछ ।

३८. माटोको उर्वरा शक्ति पत्ता लगाई माटोको किसिम अनुसार खेती गरी उत्पादन बढाउन माटो परीक्षणका लागि ल्याब व्यवस्थापन गरिनेछ ।

३९. व्यवसायिक खेतीलाई प्रवर्द्धन गर्न उत्कृष्ट कृषि तथा पशुपालन कृषकलाई सम्मान गरिनेछ ।

४०. पशुपन्छीमा हुने परिजीवी संक्रमणलाई नियन्त्रण गर्न आन्तरिक तथा बाह्य परजीवि नियन्त्रण कार्यक्रम, घुम्ति पशुपालकहरुलाई त्रिपाल तथा सोलार सेट वितरण कार्यक्रम र हल गोरु पाल्ने कृषकहरुलाई प्रोत्साहनको रुपमा नगद अनुदान प्रदान कार्यक्रमलाई निरन्तरता दिइनेछ ।

४१. पशुपंक्षी व्यवसाय गर्ने किसानहरुलाई पशुस्वास्थ्य सम्बन्धी सुविधाका लागि औषधी खरिद तथा वितरण कार्यक्रमलाई निरन्तरता दिइनेछ ।

४२. तमानखोला गाउँपालिकामा पशुजन्य उत्पादन वृद्धि गर्न गाउँपालिका भित्रका व्यवसायीहरुलाई अनुदान प्रदान गरिनेछ ।

४३. आधुनिक कृषि तथा पशुपालन प्रविधिलाई प्रोत्साहन गर्दै परम्परागत कृषि तथा पशुपालन व्यवसायलाई पनि संरक्षण गरिनेछ ।

४४. कृषि तथा पशुजन्य लगायत अन्य स्थानीय उत्पादनलाई बजारीकरण गर्न कृषि संकलन केन्द्र मार्फत आवश्यक व्यवस्था गरिनेछ ।

४५. चक्लाबन्दी तथा सामूहिक खेती प्रणालीलाई प्राथमिकताका साथ कार्यान्वयन गरिने ।

## लघुउद्यम, सहकारी र पर्यटन

४६. नयाँ लघु उद्यमी सृजना गर्न उद्यमशिलता विकास तालिम लिइसकेका उद्यमीहरूको लागि सीप विकास तथा एड्भान्स तालिम सञ्चालन गरिनेछ ।

४७. सीप विकास तालिम प्राप्त गरिसकेका व्यक्तिहरूको लागि आवश्यकता अनुसार लागत साझेदारीमा प्रविधिको हस्तान्तरण गरिने छ ।

४८. **"सीपलाई श्रम, श्रमलाई उत्पादन, उत्पादनलाई समृद्धि र समृद्धिलाई सन्तुष्टि"** सँग आबद्ध गर्न उत्कृष्ट उद्यमीको पहिचान गरी प्रोत्साहन गरिनेछ ।

४९. सीप विकास तालिम लिएका, वैदेशिक रोजगारीबाट फर्किएका र बेरोजगार बसेका युवाहरुलाई आम्मनिर्भर बनाउन उद्यमी र व्यवसायी कार्यक्रममा आबद्ध गरिनेछ ।

५०. पर्यटकीय स्थलहरुको पहिचान तथा प्रचारप्रसारका लागि पर्यटन पूर्वाधार निर्माण तथा पर्यटन प्रवर्द्धन कार्यक्रम सञ्चालन गरिनेछ ।

## श्रम तथा रोजगारी

५१. रोजगार आयोजनाहरुको प्रभावकारी कार्यान्वयनका लागि शतप्रतिशत लागत साझेदारी कायम गरिनेछ ।

५२. रोजगार, स्वरोजगार एवम् वैदेशिक रोजगारीमा रहेका व्यक्तिहरुको तथ्याङ्क सङ्कलन र व्यवस्थित गरिने छ ।

५३. औपचारिक, अनौपचारीक र स्वरोजगारमा रहेका व्यक्तिहरूलाई सामाजिक सुरक्षा कोषमा आवद्ध गर्दै लगिने छ ।

५४. वैदेशिक रोजगारमा जान चाहने व्यक्तिहरूको लागि श्रम स्वीकृति तथा पुनः श्रम स्वीकृतिको सहजीकरण तथा वैदेशिक रोजगारमा रहेका व्यक्तिहरूको लागि कन्सुलर सेवा उपलब्ध गराईनेछ ।

५५. बैदेशिक रोजगारीमा जान चाहने व्यक्ति तथा परिवारका सदस्यहरूको लागि चेतनामूलक कार्यक्रम सञ्चालन गरिनेछ ।

५६. दैनिक जीवनमा प्रयोग हुने वित्तीय स्रोत र साधनको प्रयोग सम्बन्धी ज्ञानको क्षितिज फराकिलो पार्नको लागि तमानबासीलाई वित्तीय साक्षरता कार्यक्रम सञ्चालन गरिनेछ ।

५७. युवा शक्तिको श्रमलाई गाउँपालिकाको विकास र समृद्धिसँग जोड्नको लागि **"गाउँपालिका मिसन रोजगार"** कार्यक्रम सञ्चालन गरिनेछ ।

५८. **"ब्याजदर कम, प्रगति धमाधम"** भन्ने मूल नाराका साथ युवाहरुमा भएका ज्ञान, सिपको सदुपयोग गर्दै उद्यमशिलता, सिर्जनशिलता तथा सीपको विकास गरी उत्पादन र रोजगारी अभिवृद्धि गर्न सहुलित ब्याजदरमा ऋण अनुदान कार्यक्रम सञ्चालन गरिनेछ ।

## सडक तथा यातायात

५९. **"हाम्रो सडक हाम्रो सहभागीता, सुरक्षित यातायात हाम्रो प्रतिवद्धता"** भन्ने मान्यतालाई आत्मसाथ गर्दै गाउँपालिकाभित्र सडक र यातायातको विकास तथा व्यवस्थापनका लागि सडक तथा यातायात गुरुयोजनालाई प्रभावकारी कार्यान्वयन गर्नुका साथै गाउँपालिका भित्रका बस्तिहरुमा सडकको स्तरोन्नती गर्दै लगिने छ ।

६०. वस्ती तथा वडाबाट गाउँपालिका केन्द्र जोड्ने अधुरा सडकहरुलाई विशेष प्राथमिकताका साथ निर्माण गरिनेछ । गाउँपालिका भित्रका प्रमुख सडकलाई कालोपत्रे गर्ने योजनाका लागि संघीय र प्रदेश सरकारसँग सहकार्य गरिनेछ ।

६१. गाउँपालिका भित्रका सम्पूर्ण सडकहरुलाई बाह्रै महिना संचालन योग्य बनाउन आवश्यकता अनुसार कल्भर्ट तथा मोटरेबल पुल निर्माण कार्यलाई प्राथमिकता दिईने छ ।

## आवास तथा भवन

६२. वडा कार्यालय, विद्यालय, सामुदायिक तथा गाउँपालिका प्रशासकीय भवन निर्माण कार्यलाई सम्पन्न गर्नको लागि विशेष प्राथमिकता दिईनेछ ।

६३. तमानखोला गाउँपालिका भित्र मौलिक घर संरक्षण तथा निर्माणलाई विशेष प्राथमिकता दिइनेछ जसको लागि तमानखोला भवन मापदण्ड, २०७८ लाई पूर्ण रुपमा कार्यान्वयनमा ल्याइनेछ।

६४. संघीय तथा प्रदेश सरकारसँगको समन्वयमा विपद्का कारण घरबार बिहिन भएका नागरिकहरुको पुनर्स्थापना र पुनःनिर्माण कार्यलाई प्राथमिकताका साथ कार्यान्वयन गरिनेछ ।

६५. गाउँपालिका भित्र निर्माण हुने भवन तथा संरचनाहरु अपाङ्गमैत्री र बालमैत्री बनाइनेछ ।

## उर्जा

६६. गाउँ क्षेत्रका पुराना काठका पोललाई विस्थापित गरी फलामे पोलहरु जडान गरिनेछ ।

६७. तमानखोला गाउँपालिका भित्रका लघु जलविद्युत आयोजनाको मर्मत तथा स्तरोन्नती गरि थप व्यवस्थित गर्दै लगिनेछ ।

६८. गाउँपालिकाको सबै वडाहरुमा केन्द्रिय प्रसारण लाईन विस्तारका लागि विशेष पहल गरिनेछ।

## वन, वातावरण तथा विपद् व्यवस्थापन

६९. विकास निर्माणका कार्यक्रम सञ्चलनगर्दा वातावरणीय दिगोपनालाई ध्यान दिइनेछ ।

७०. गाउँपालिकाको भौगोलिक क्षेत्रभित्र हुन सक्ने प्राकृतिक प्रकोप तथा विपद्जन्य घटनाहरुको न्यूनिकरण गर्न पूर्व तयारी,प्रतिकार्य, पुनर्लाभका लागि उचित प्रबन्ध गरिनेछ ।

७१. गाउँपालिका भित्रका महत्वपूर्ण जडीबुटीहरुको पहिचान , संरक्षण र उपयोग गर्न जडिबुटी पार्क निर्माण गरी अध्ययन र अनुसन्धान क्षेत्रको रुपमा विकास गरिनेछ ।

७२. विपद्जन्य घटनाहरुको प्रभावकारी व्यवस्थापनका लागि गाउँपालिकाले सुरक्षा संयन्त्र र समुदायसंग साझेदारी गर्ने नीति लिनेछ ।

## सुशासन, संस्थागत विकास र सेवा प्रवाह

७३. कर्मचारी तथा जनप्रतिनिधिहरुको क्षमता विकासका लागि आधुनिक सूचना तथा सञ्चार प्रविधि सँग सम्बन्धीत तालिम सञ्चालन गरिनेछ ।

७४. सार्वजनिक सेवालाई थप प्रभावकारी बनाउनका लागि प्रविधिमैत्री सेवा प्रवाहमा जोड दिइनेछ ।

७५. उपभोक्ता समितिबाट हुने कार्यहरुको प्रभावकारिता अभिवृद्धिका लागि सम्बन्धीत उपभोक्ताहरुको क्षमता विकास कार्यक्रम सञ्चालन गरी योजना कार्यान्वयन गर्ने तथा सञ्चालित योजनाहरुको अनुगमन प्रणाली अवलम्बन गरिनेछ।

७६. कार्यलय सञ्चालनका लागि आवश्यक कान ुनहरुको निर्माण तथा पुराना कानुनहरुको आवश्यकता र औचित्यका आधारमा संशोधन गरिनेछ ।

७७. गाउँपालिकाबाट हुने न्याय सम्पादनलाई छिटोछरितो, प्रभावकारी बनाउन तथा न्याय सम्पदानबाट सम्पूर्ण गाउँबासीमा न्यायको अनुभूतिको सुनिश्चितता गर्न न्यायिक समिति र मेलमिलाप केन्द्रको संरचनागत सुधार र क्षमता अभिवृद्धि गरिनेछ ।

७८. गुनासो सुनुवाई संयन्त्रको विकास गरी नागरिकका आवाजहरुलाई छोटोछरितो सुन्ने प्रणालीको विकास गरिनेछ ।

७९. **“आन्तरिक राजश्व बढाऔं, विकासमा हात मिलाऔं”** भन्ने मान्यतालाई आत्मसाथ गर्दै गाउँपालिकाको राजश्वको दायरा फराकिलो बनाउन करका क्षेत्रहरुको पहिचान गरिनेछ । साथै व्यक्तिगत र संस्थागत रुपमा सबैभन्दा बढी कर तिर्ने करदातालाई सम्मान गरिनेछ ।

८०. गाउँपालिकाको आफ्नो कार्यबोझ, राजस्व क्षमता, खर्चको आकार, स्थानीय आवश्यकता र विशिष्टताका आधारमा संगठन तथा व्यवस्थापन सर्वेक्षण (O & M Survey) गरी सेवा प्रवाहलाई थप व्यवस्थित बनाइनेछ ।

८१. गाउँपालिकामा करार सेवामा कर्मचारी भर्ना गर्नुपर्ने भएमा महिला र दलितलाई विशेष प्राथमिकता दिईनेछ ।

८२. सार्वजनिक सरोकारका विषयमा आम नागरिकहरुमा सूचनाको पहुचलाई सुनिश्चित गर्नका लागि गाउँपालिका तथा वडा कार्यालयहरुमा सूचना केन्द्रको व्यवस्था गरिनेछ ।

८३. प्रस्तुत नीति तथा कार्यक्रमको उपलब्धिपूर्ण र सार्थक कार्यान्वयन गाउँपालिकाको एकल प्रयासले मात्र सम्भव छैन ।यस क्षेत्रमा क्रियाशील सम्पूर्ण राजनीतिक दल, सामुदायिक, निजि तथा गैर सरकारी संघ संस्था, नागरिक समाज, बौद्धिक वर्ग,सहकारी तथा वित्तीय क्षेत्र, टोल विकास संस्था, युवा क्लब, आमा समूह र सचेत आम नागरिकको निरन्तरको साथ सहयोग र समर्थनले मात्र गाउँपालिको दीर्घकालीन सोच पूरा गर्न सहयोग पुग्नेछ । तसर्थ यो नीति तथा

कार्यक्रमको सफल कार्यान्वयनका लागि सम्पूर्ण सरोकारवालाको सहयोग, सहकार्य र समन्वयको अपेक्षा व्यक्त गर्दछु ।

८४. अन्त्यमा, यस गाउँपालिकाको नीति तथा कार्यक्रम तर्जुमा कार्यमा सहयोग गर्नु हुने गाउँपालिकाका उपाध्यक्ष, प्रमुख प्रशासकीय अधिकृत, विषयगत समितिका संयोजकहरु, वडा अध्यक्षहरु, कार्यपालिका सदस्यहरु, गाउँसभा सदस्यहरु लगायत सम्पूर्ण कर्मचारीहरुलाई हार्दिक धन्यवाद तथा आभार व्यक्त गर्दछु । त्यसै गरि नीति तथा कार्यक्रमका लागि सुझाव प्रदान गर्नुहुने राजनीतिक दल, बुद्धीजिवी, विभिन्न संघ/संस्थाका प्रमुखहरु, नागरिक समाज, पत्रकार लगायत सम्पूर्ण आदरणीय आमाबुवा, दिदिबहिनी तथा दाजुभाई प्रति हार्दिक कृतज्ञता व्यक्त गर्दछु । धन्यवाद ।

(जोकलाल बुढा)
अध्यक्ष